## चुला दर्शन ढोग :

–शशि मदन राई

किरात राई जाति बिच समान्ता र आस्थाको प्रतिक चुलाको बेग्लै अर्थ रहेको छ । आदिम कालदेखी मानि आएको किरात राई जातीले चुलालाई पित्रीहरु बस्ने खेल्ने पवित्र स्थलको रुपमा मान्दछ । इस्लामको मस्जिद, हिन्दुको मन्दिर, क्रिश्चियनको चर्च, बौदको गुम्बा जस्तै हो किरात राईहरुको चुला । चुलामा ३ वटा ढुङ्गा गाढिएको हुन्छ । पहिलो ढुङ्गाले बंशलाई, दोस्रो ढुङ्गाले कुटुम्बलाई र तेस्रो ढुङ्गाले समाजलाई ईङ्गित गरेको हुन्छ । किरात राईहरुले चुलामा पुर्वजको स्मरण र भक्ति गर्ने गर्दछ । चुलामा आफुलाई जन्म दिने पुर्वज तथा देवी देवताहरुले बास रहेको हुन्छ भनि मान्दछ । चुलालाई ढोग गरे पित्रीहरु खुसी भई चिताएको मनोआकाङक्षा पुरा गरिदिने, धन दौलत र ऐश्वर्य प्राप्त हुने, दुख बिमार नहुने, शिर ठाडो हुने बिस्वास गरिन्छ ।

## चुल्हा दर्शनको उदेश्य :

बिभिन्न देशहरुबाट ब्यक्तिगत काम लिएर वा कार्यक्रममा सहभागीहुन आउने बिशिष्ठ किरात राई ब्यक्तित्वहरुलाई वहाँहरुले ईच्छा गरेमा हङकङको सामुहिक चुला दर्शन गराउने चलन छ । चुला दर्शन गराउनको निम्न उदेश्य रहेको छ ।

1. किरात राईहरुको पारस्पारिक सम्बन्धलाई मजबुत बनाउन ।
2. स्वास्थ्य दिर्घायु तथा उत्तरोत्तर प्रगति होस भनि कामना गर्न ।
3. किरात राई यायोक्खा हङकङका गतिबिधि जानकारी गराउन ।
4. किरात राईहरुको धर्म, संस्कार, संस्कृतीको संरक्षण गर्न ।
5. आफुलाई जन्म दिने पुर्वजहरुको स्मरण गर्दै बल शक्ति माग्न ।

## चुला दर्शनढोगमा आवश्यक सामाग्रीहरु :

1. काँसेथालमा अलिकति चामल र दियोबत्ति
2. दुबो, तीतेपाती, सेउली र चोखो पानी
3. दियो बाल्ने तेल, सलेदो र लाईटर
4. आवश्यक फेटा वा गम्छा

## चुला प्रार्थना :

चुलादर्शन गर्न चुलामा जान अगावै दुबो, तीतेपाती, सेउली र चोखो पानीले छर्केर चोखोनितो भई चुलामा पस्नु पर्दछ र निम्न प्रार्थना गर्नु पर्दछ । यो हङकङको सामुहिक चुलाको एउटा संस्कार हो । यसो गर्दा चुला दर्शन गर्ने चोखोनितो भई बल मागेको हुनाले पितापुर्खाहरु खुसि भई आर्शिबाद दिनुहुनेछ भन्ने विश्वास गरिन्छ ।

हे पितापुर्खाहरुहो, हे सुम्निमा पारुहाङ ।
हे ३ चुला (साकुलुङ, दीपालुङ, साप्सालुङ)

तपाँईहरुले हामीलाई जन्मदिनु भयो ।
धर्तीलाई अन्न योग्य बनाउनु भयो ।
तपाँईहरुलाई हाम्रो जन्मदाता र
धर्तीलाई सृष्टीकर्ता मानि
तिनचुला स्थापना गरेका छौं ।

आज म तपाँईको दर्शनढोग गर्न आएकोछु ।
दुख बिमार कष्ट सारी दिनु होला ।
सुख सम्बृद्धि र लामो आयु दिनु होला ।
कथंकदाचित बाटो बिराएको भए पनि
अज्ञानी सम्झी माफी गर्नु होला ।

आज म तपाँईहरुको सामु आएकोछु ।
सदा तपाँईहरुको साथपासमा रहनेछु ।
दैनिक चुलापुजा भक्तिभाव गर्नेछु ।
पितापुर्खा र सृष्टीलाई सम्मान गरी,
तपाँईहरुले सृजना गरेको धर्म संस्कारमा बस्नेछु ।
सदा चुलामा रहने प्रार्थना गर्दछु।

जय पितापुर्खाहरु हो ।

**कार्यक्रमको रुपरेखा :**

1. आशन ग्रहण (अध्यक्ष, अतिथि तथा अन्य विशिष्ट ब्याक्तित्वहरु)
2. उपस्थितजनको परिचय गराउने ।
3. स्वगत तथा चुल्हा दर्शनबारे जानकारी ।
4. चुला प्रार्थना गर्ने।
5. अतिथिद्वारा ऐच्छिक भेटी चढाउने
6. अतिथिलाई सम्मान (पुरुष भए फेटा वा महिला भए गम्छा)
7. किराया हङकङका गतिविधिबारे जानकारी ।
8. अतिथिलाई शुभकामना प्रदान (बिशिष्ट ब्याक्तित्वहरुबाट)
9. अतिथिको ब्यक्तिगत परिचय सहित बिचार राख्न दिने ।
10. कार्यक्रम समापन (अध्यक्षबाट)
11. सगुन बितरण (अतिथि स्वगत तथा सत्कार बिभाग)

(समाप्त)